जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क-४३, २०८३ जेठ २१ गते विहीबार, 4 May 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

न संरचना विस्तार, न मर्मतमा रफ्तार



असरल्ल हेटौंडा

○सरिता दाहाल

मकवानपुर । यसियन हाइवेको मापदण्ड अनुसार सडक संरचना विस्तार गर्ने लक्ष्यका साथ ७ महिना अघि एकैदिन भत्काएर छाडिएको संरचनाको कारण हेटौंडा बजार खण्डहर बनेको छ । न त सरकारले भनेजस्तो अवैध संरचना हटाएर हेटौंडालाई आधुनिक शहर बनाउने काम अघि बढाउन सक्यो न त स्थानीयको भावनामाथि सद्भाव राखेको देखियो। देख्नेले देखिरहेका छन् असरल्ल हेटौंडा, भत्केका सामग्री छरपस्ट हेटौंडा । जहाँ न रातमा सडक बत्ति छ न दिनमा सुखद व्यापार ।

सडक डिभिजन कार्यालय हेटौंडाले गत मंसिर ५ गते हेटौंडा बजार क्षेत्रको राष्ट्रिय राजमार्गको दायाँ बायाँ २५/२५ गज भत्काउने गरि १५ दिने सूचना प्रकाशित गरेपछि त्यस विरूद्ध उत्रेका स्थानीयको उजुरीमाथि अदालतको अनिर्णयको कारण बजार असरल्ल बनेको हो । सरकारले पनि आफ्नो कामको रफ्तार लिन सकेको छैन भने स्थानीयहरू आफै आफूहरूको भावनाको सम्मान अदालतले गर्छकी भन्ने अपेक्षा गरिरहेका छन् ।

संरचना भत्काउनु अघि आफूहरूले मुआब्जा पाउनु पर्ने माग गर्दै स्थानीयवासीले सडक विभाग, सहरी विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई समेत विपक्षी बनाएर दायर गरेको रिटमा सर्वोच्चले निर्णय दिन सकेको छैन ।

मंसिर २० गते रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुल (महेन्द्र राजमार्ग) र बुद्धचोकदेखि चौकीढोल (त्रिभुवन राजपथ)सम्मको ९ दशमलव ५ किलोमिटरको सडक सीमामित्र परेका ५ सय ३१ सय घरदहरा डिभिजन सडक कार्यालयले घर भत्काएको थियो । हेटौंडाको मुख्य बजार क्षेत्रको २५/२५ गज सडक क्षेत्रका संरचना भत्काइए पछि हालसम्म बजार क्षेत्र अस्तव्यस्त रहेको हो ।

विगतमा भै अदालतको आदेशले संरचना भत्काउन रोक्ने छनक पाएपछि बिदाकै दिन हतारहतार संरचनामाथि डोजर चलाइएको थियो । तर प्रशासनले जे पूर्वानुमान गरेको थियो आखिर उही भयो, अदालतले प्रक्रिया अघि बढाउन रोक्यो ।

भत्काउने काम भए पनि थप व्यवस्थित गर्नेकाम सुरू नै हुन सकेको छैन । यतिमात्रै हैन, अझै कुन र राजमार्ग कति क्षेत्र विस्तार गरिने भन्ने पनि दुङ्गो छैन । स्थानीयवासी र स्थानीय वडाले समेत त्रिभुवन राजपथलाई धार्मिक ऐतिहासिक तथा पर्यटन मार्गको मार्गको रूपमा विकास गर्न माग गर्दै विभिन्न सरोकारवाला निकायमा अवधारणा सहितको ज्ञापन पत्र बुझाएको छ । स्थानीय सरकारले नै अग्रसरता देखाएपछि स्थानीयवासी आफ्नो क्षेत्रमा १६ मिटरमात्रै खालि गर्नुपर्ने बुझेर मर्मत कार्यमा जुटेका छन्, तर आधिकारीक निकायबाट यसको दुङ्गो लागेको छैन ।

सडक विस्तारको विवादका कारण अस्तव्यस्त बनेको हेटौंडा बजार क्षेत्र सडक बत्तिको समेत व्यवस्था नहुदा अन्धकारमय बनेको छ ।भत्काइएका घर र संरचनामै हुने गरेको व्यापार व्यवसायले जोखिम त बढाएको छ । त्यसमाथि पनि सर्वोच्च अदालतको आदेशले थप अन्योलता बढाइरहेकै छ ।

२०८० सालसम्म सडक विस्तार विरूद्ध परेका एकै प्रकृतिका ३४३ वटा मुद्दा खारेज गरेको सर्वोच्च अदालतले पछिल्लो पटक केही मुद्दामा दिएको अन्तरिम आदेशले विस्तार कार्य प्रभावित भएको हो । बजार क्षेत्रका घरधनीले मुआब्जाको माग गर्दै आएका छन् भने प्रशासनले सडक सीमा खाली गर्न निर्देशन दिँदै आएको छ ।

अदालतको आदेश शुक्रबारको दिन प्रशासन र डिभिजन कार्यालय पुग्नबाट 'रोक्दै' शनिबार बिदाको दिन सखारै घर तथा संरचनाहरू भत्काइए । सम्बन्धित घरधनीले अन्तरिम आदेश देखाउँदा पनि सडक कार्यालयको डोजर रोकिएन । उक्त पत्रबारे जानकारी नभएको भन्दै हेटौंडा बजार क्षेत्रको सात किलोमिटर क्षेत्रमा सडक सीमाका घर तथा ढहरा भत्काइएको थियो ।

त्यसपछि दर्ता भएका उजुरीको अन्तिम फैसला नभएपछि अहिले समस्या बढेको छ । सर्वोच्च अदालतको फैसलाको पर्खाइका कारण हेटौंडा बजार क्षेत्रको सडक विस्तार कार्य अघि बढ्न नसकेको हो । गत हिउँदमा सुरू गरिएको हेटौंडा बजार क्षेत्रको सडक सीमा खाली गर्ने कार्य वर्षा याम लाग्दासमेत दुङ्गिन सकेको छैन ।

अदालतमा विचाराधीन मुद्दाको किनारा नलाग्दा सडक डिभिजन कार्यालय हेटौंडाले अधुरो छोडेको उक्त कार्य विगत ७ महिनादेखि अलपत्र बनेको हो । सर्वोच्चमा परेको पछिल्लो रिट निवेदनमा पूर्ण इजलासमा पेस गर्ने आदेश भए पनि तत्काल सो विषयमा निर्णय आउन सकेको छैन । हेटौंडा सडक विस्तार विवादका विषयमा सर्वोच्चको पूर्ण सुनुवाइको निर्णायक फैसलाको पर्खाइमा रहँदा अन्योल देखिएको हो ।

अदालतमाथिको अपेक्षा

आफूहरू विरूद्ध अन्याय भएको ठहर गर्दै अदालत गुहार्न पुगेका स्थानीयवासीहरू निर्णयको पखाइमा छन् । अदालतले आफूहरूको पक्षमा फैसला गर्ला भन्ने अपेक्षामा छन् उनीहरू ।

मुआब्जा र सडक सीमाको विवादका कारण अल्झिएको मुख्य बजार क्षेत्रको सडक विस्तार कार्य अहिले सर्वोच्च अदालतको इजलासमा निर्णयार्थ अल्झिएको हो । रास्वपा नेतृ एवं पूर्वसांसद बिन्दवासिनी कंसाकारसहितका स्थानीयले दायर गरेको उत्प्रेषण रिटमाथि सर्वोच्च अदालतले पूर्ण सुनुवाइका लागि अग्राधिकार दिएको हो ।

हेटौंडाको मुख्य बजार भएर जाने पूर्व पश्चिम राजमार्गलाई २५/२५ गज (करिब २५ मिटर) विस्तार गर्ने डिभिजन सडक कार्यालय हेटौंडाको योजना र पुरुयौंली सम्पत्तिको रक्षा हुनुपर्ने स्थानीय घरधनीको अडानकाबीच उक्त विवाद वर्षौंदेखि चल्दै आएको छ ।

कंसाकार समेत केही व्यक्तिले २०८३ मङ्सिर १६ गते डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगर पालिका र भौतिक पूर्वाधार मन्त्रालय लगायतलाई विपक्षी बनाइ रिट दायर गरेका थिए । उक्त मुद्दामा मङ्सिर १९ न्यायाधीश मेघराज पोखरेलको इजलासले विपक्षीका नाममा कारण देखाउ आदेश र अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । उक्त आदेशले तत्कालका लागि सडक विस्तारको नाममा घर भत्काउने कार्यलाई रोकेको थियो । तर प्रशासन र डिभिजन कार्यलयले आफूहरूलाई पत्र प्राप्त नभएको भन्दै शनिबार सबेरै डोजर चलाइएको थियो ।

त्यसपछि २०८३ माघ १८ गते न्यायाधीश सपना प्रधान मल्ल पेज ४ मा

इन्साइड स्टोरी

जातीय छुवाछूत : पीडकलाई कानुनको डर न पीडितलाई न्यायको भर

विचार

✍ भोला पासवान

पेज २ मा

प्रदेशको नीति तथा कार्यक्रम समृद्धिको सपना

पेज ३ मा

प्रदेश सांसदलाई ४ अर्बबढी बजेट बाँडिदै

पेज ४ मा

श्रीमती बलात्कार मुद्दामा न्यायाधीश भुवन गिरीलाई सफाई

पेज ५ मा

बागमती कप टी २० : काठमाडौं विरूद्ध भक्तपुर १ विकेटले विजयी

पेज ५ मा

मकवानपुर चट्याङको उच्च जोखिममा

पेज ६ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

आगलागीको जोखिम

देशभर सुख्खा मौसमको प्रभाव बढ्दै जाँदा वन डढेलो र बस्तीमा आगलागीका घटनाहरु पनि बढ्ने जोखिम देखिएको छ। वर्षा नहुँदा वनका सुक्खा पातपतिङ्गर, घाँस तथा झाडीहरु अत्यन्त ज्वलनशील बनेका छन्। सानो लापरबाहीले समेत ठूलो विपत्ति निम्त्याउन सक्ने अवस्था सिर्जना भएको छ। यस समयमा वन क्षेत्र मात्र होइन, मानव बस्ती, कृषि क्षेत्र, विद्युत् संरचना तथा जनधन समेत उच्च जोखिममा रहने गर्दछन्।

नेपालमा प्रत्येक वर्ष हजारौँ हेक्टर वन डढेलोबाट प्रभावित हुने गरेका छन्। कतिपय अवस्थामा डढेलो नियन्त्रणबाहिर पुग्दा दुर्लभ वनस्पति, वन्यजन्तु तथा जैविक विविधतामा अपूरणीय क्षति पुग्ने गरेको छ। वन डढेलोबाट निस्कने धुवाँले वातावरण प्रदूषित बनाउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पुग्याउँछ। विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास सम्बन्धी समस्या भएका व्यक्तिहरु बढी प्रभावित हुने गरेका छन्। ग्रामीण तथा शहरी बस्तीमा पनि आगलागीको जोखिम उत्तिकै छ। विद्युत् चुहावट,ग्यास सिलिण्डरको असावधानीपूर्ण प्रयोग, खुला आगो तथा फोहोर जलाउने कार्यले आगलागी निम्त्याउन सक्छ। एक घरबाट सुरू भएको आगोले सिंगो बस्ती नै जोखिममा पार्न सक्ने भएकाले सबैले सचेतता अपनाउन आवश्यक छ।

वन क्षेत्रमा जथाभावी आगो लगाउने, चुरोट वा बिँडीका ठुटा फाल्ने तथा घाँसपात जलाउने कार्य तत्काल रोक्नुपर्छ। सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, सुरक्षा निकाय र नागरिक समाजले संयुक्त रुपमा निगरानी तथा जनचेतना अभियान सञ्चालन गर्नुपर्छ। बस्तीमा विद्युत् प्रणालीको नियमित परीक्षण, अग्नि सुरक्षा उपकरणको व्यवस्था तथा आपत्कालीन उद्धार तयारीलाई पनि प्राथमिकता दिनुपर्छ। प्राकृतिक विपत्ति रोकथाम सरकारको मात्र दायित्व होइन, प्रत्येक नागरिकको कर्तव्य पनि हो। सानो सावधानीले ठूलो दुर्घटना रोक्न सकिन्छ। वन जोगाउनु भनेको वातावरण, जैविक विविधता र भविष्यका पुस्ताको संरक्षण गर्नु हो।

जातीय छुवाछूत : पीडकलाई कानुनको डर न पीडितलाई न्यायको भर

✍ भोला पासवान

नेपालको कानुनी प्रयास र ऐतिहासिक कालखण्ड

कुनै पनि सभ्य, लोकतान्त्रिक र विधिको शासन सुनिश्चित भएको समाज निर्माणका लागि मानवीय गरिमा, समानता र आत्मसम्मान पहिलो सर्त हुने गर्छ तर नेपाली समाज ऐतिहासिकरुपमा शताब्दिऔँदेखि जातीय विभेद र छुवाछूत जस्तो अमानवीय कुप्रथाको चक्रब्यूहमा जकडिँदै आएको छ । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र भए तापनि आधुनिक युगसम्म आइपुग्दासमेत जातीय भेदभाव तथा छुवाछूत अन्त्य हुन सकेको छैन ।

नेपालले 'सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५' लाई सन् १९७१ मा अनुमोदन गरेको ३६ वर्षपछि अर्थात् वि.सं. २०६३ साल जेठ २१ गते संसद्बाट देशलाई 'छुवाछूत मुक्त राष्ट्र' घोषणा गरेको थियो । सरकारले उक्त दिनलाई जातीय विभेद तथा छुवाछूत उन्मूलन दिवसका रुपमा मनाउँदै आएको पनि छ ।

कालखण्डका हिसाबले आज यो ऐतिहासिक घोषणाको २० वर्ष पूरा हुँदैछ भने विशिष्ट कानुनका रुपमा 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८' लागू भएको १५ वर्ष पूरा भई १६औँ वर्षमा प्रवेश गरेको छ । उक्त अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गरेदेखि नेपालले जातीय विभेदलाई दण्डनीय बनाउने विशिष्ट कानुन निर्माण गर्न मात्रै ४१ वर्ष लगाएको देखिन्छ ।

नेपालको संवैधानिक इतिहास हेर्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(४) ले छुवाछूतलाई पहिलोपटक प्रतिबन्धित गर्दै मुलुकी ऐनको अदलको महलमा १०क. नं. थप गरी १ वर्ष कैद वा ३ हजार जरिवानाको व्यवस्था गरेको थियो । पछि नेपालको अन्तरिम संविधान, २०६३ ले यसलाई मौलिक हकका रुपमा स्थापित गऱ्यो ।

२०७२ सालमा निर्मित नेपालको संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हकलाई अझ परिष्कृत गर्दै यसलाई 'गम्भीर सामाजिक अपराध'को रुपमा परिभाषित गरी पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको छ । त्यस्तै, मुलुकी अपराध संहिता, २०७४ को दफा १६० र १६६ ले पनि भेदभाव र अपमानजन्य व्यवहारमा ३ वर्षसम्मको कैद सजाय तोकेको छ ।

गहिरो सामाजिक जड र संरचनागत असर

जातीयता, लिङ्ग र धर्मका आधारमा गरिने हानिकारक प्रथा तथा चलनहरु सदियौँदेखि गहिरोरुपमा जरा गाडेको पितृसत्तात्मक, सामाजिक र धार्मिक मूल्य/मान्यतामा आधारित छन् । समुदायले यसलाई परम्परागत वा सामान्यरुपमा लिने गरे तापनि यस्ता अभ्यासले बहिष्करणमा पर्नेका समूह र महिलालाई हिंसा, शारीरिक तथा मनोवैज्ञानिक स्वास्थ्य सङ्कट र मृत्युको समेत जोखिममा पुऱ्याउने गरेका छन् ।

संयुक्त राष्ट्रसंघीय कन्द्री टिम (यूएनसीटी)का अनुसार यस्ता हानिकारक अभ्यास विकासका प्रतिफलमा गम्भीर व्यवधान हुन् जसले समावेशी शासन, आर्थिक विकास र शिक्षामा अवरोध खडा गर्दै अन्ततः सन् २०३० को 'कसैलाई पनि पछाडि नछाड्ने' सिद्धान्तलाई समेत ठूलो चुनौती दिएका छन् ।

सामुदायिक मानसिकता र दलित समुदायको प्रत्यक्ष भोगाइ

यसै सन्दर्भमा नेपालका १६ जिल्लामा ४ हजार नागरिकबीच गरिएको एउटा विस्तृत सर्वेक्षणले भुइँ तहमा जातीय भेदभावको भयावह रुप उजागर गरेको छ । सर्वेक्षणमा सहभागी ९७ प्रतिशत नागरिकले आफ्नो समुदायमा अझै पनि जातीय भेदभाव हुने गरेको स्वीकार गरेका छन् भने कथित उच्च जातिका ठूलो संख्याका सहभागीले अझै पनि छुवाछूत र अशुद्धतामा विश्वास गर्ने गरेको पाइएको छ । झन्डै ५० प्रतिशत सहभागीले आफ्नो समुदायमा दलितलाई गैरदलितको घरमा प्रवेश नदिइने बताएका छन् जसमा कर्णाली र सुदूरपश्चिम प्रदेशमा ५४ प्रतिशत तथा मधेस प्रदेशमा ४६ प्रतिशत यो समस्या व्याप्त देखिन्छ ।

यस सर्वेक्षणले दलित समुदायको प्रत्यक्ष र दर्दनाक भोगाइलाई पनि तथ्याङ्कमार्फत ऐना देखाएको छ । सर्वेक्षणमा सहभागी ९११ जना दलित नागरिकमध्ये ५४ प्रतिशतले विगत एक वर्षमै आफ्नो जातका कारण प्रत्यक्ष भेदभाव भोग्नुपरेको यथार्थ सुनाएका छन् ।

यसरी विभेद भोग्नेमध्ये ७४ प्रतिशतले उच्च जातिका परिवारका घर वा मान्साघरमा प्रवेश नपाएको, ५२ प्रतिशतले सामुदायिक पिउने पानीको धारा वा कल प्रयोग गर्न नदिइएको र ५० प्रतिशतले गाउँको मन्दिर प्रवेशमा रोक लगाइएको जस्ता अमानवीय व्यवहारको सामना गर्नुपरेको छ ।

न्यायिक पहुँचमा अवरोध र उजुरीविहीनता

यति ठूलो मात्रामा भेदभाव र अपमान सामना गरे तापनि बहुसंख्यक पीडितले वडा कार्यालय वा प्रहरी चौकीमा पीडकहरुविरूद्ध कहिल्यै उजुरी नगरेको पाइएको छ ।

उजुरी नगर्नुको मुख्य कारण खोतल्दा ७० प्रतिशत पीडितले आफू बसोबास गर्ने समुदायमा थप विवाद वा समस्या निम्त्याउन नचाहेको धारणा राखेका छन् भने उल्लेखनीयरुपमा ३० प्रतिशतभन्दा बढी पीडितलाई यस्ता घटनाका बारेमा सम्बन्धित निकायमा कसरी उजुरी गर्ने भन्ने कानुनी प्रक्रियाबारे जानकारी नै नभएको देखियो । यस तथ्यले कानुन कागजमा बलियो भए पनि सामाजिक डर, दबाब र कानुनी सचेतनाको अभावका कारण दलित समुदाय अझै पनि भुइँ तहमा अन्याय सहेर बस्न बाध्य भएको पुष्टि गर्छ ।

नीतिगत उदासीनता र व्यावहारिक यथार्थ

यति हुँदाहुँदै पनि कानुनतः अन्त्य भइसकेको भनिएको छुवाछूत प्रथा समाजमा अझै कायमै रहेको तितो यथार्थ हामीमाझ छ । कानुनले त क्रान्तिकारी परिवर्तन गऱ्यो तर समाजको मानसिकता बदल्न भने सकेन । अझै पनि मुलुकका धेरै ठाउँमा इनार, कुवा र धारामा दलितलाई प्रतिबन्ध लगाइँदा उनीहरु खोला तथा नदीको दूषित पानी पिउन बाध्य छन् । सार्वजनिक समारोहमा दलितका लागि छुट्टै भान्सा गर्ने, मन्दिर प्रवेशमा रोक लगाउने र अन्तरजातीय विवाह गरेकै कारण सामाजिक बहिष्कारदेखि मानसिक तथा शारीरिक यातनासम्म दिने अमानवीय शृंखला कायमै छ ।

विद्यालयमै जातीय विभेद, 'कागजमा सीमित' कानुन

विगत १५ वर्षको समीक्षा गर्दा ऐनको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन जसका कारण जनताको तहसम्म यसको वास्तविक मर्म पुग्न सकेको छैन । यो नीतिगत उदासीनता, प्रशासनिक ढिलासुस्ती र व्यावहारिक खाडलको एउटा कसिलो उदाहरण २०७७ साल जेठ २० गते सघीय संसद्अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा देखियो । रुकुम पश्चिममा नवराज बिकसहित ६ जना युवकको सामूहिक हत्या भएको विषयमा छलफल गर्न तत्कालीन गृहमन्त्री, महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकलाई बोलाइएको उक्त बैठकले नेपाल प्रहरीभित्र छुट्टै 'दलित सेल' स्थापना गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको थियो ।

सभामुख र संसदीय समितिको उक्त निर्देशन कार्यान्वयनमा सुरुवाती चरणमा व्यापक नीतिगत अलमल र शिथिलता देखियो । संसद्को निर्देशन आएको करिब डेढ वर्षपछि (२०७८ कात्तिक) मात्र गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन र प्रहरी कार्यालयहरूमा दलित समुदायलक्षित 'हेल्प डेस्क' स्थापना गर्न पहिलोपटक परिपत्र गऱ्यो ।

त्यसअघि राष्ट्रिय दलित आयोग र नेपाल प्रहरीबीचको छलफलमा छुट्टै 'दलित सेल' नाम राख्दा समाजमा अर्कोखालको विभेद देखिन सक्ने संशय उत्पन्न भएको थियो ।

सोही कारण हाल सञ्चालित 'महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेल'भित्रै यसलाई समेटेर देशका विभिन्न जिल्ला र स्थानीय तहमा सम्पर्क व्यक्ति (फोकल पर्सन) तोकी हेल्प डेस्कहरू सञ्चालनमा ल्याइए ।

संस्थागत प्रयास र 'फास्ट ट्र्याक डेस्क'को आवश्यकता

यस प्रयासलाई थप सुदृढ बनाउँदै गृह मन्त्रालयले संसदीय समितिको निर्देशनको करिब ५ वर्षपछि, २०८१ साल फागुनमा प्रहरी प्रधान कार्यालयमा छुट्टै 'दलित डेस्क' स्थापना गरी ७७ जिल्लाका डेस्कहरुलाई थप प्रभावकारी बनाउन निर्देशन दियो । यसरी दलितका लागि छुट्टै सेल र डेस्कहरु स्थापना गरिए तापनि तिनले हालसम्म के/कति काम गरे भन्नेबारे कुनै पनि प्रगति प्रतिवेदन सार्वजनिक नहुनुले ती प्रयासहरु कतिको प्रभावकारी भए भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

यति हुँदाहुँदै पनि समाजमा जातीय विभेदको जड कति गहिरो छ भन्ने कुरा वि.सं. २०८३ वैशाखमा राजधानीकै माइतीघरमा दलित समुदायलाई कोठा भाडामा नदिएको भन्दै दीपा नेपालीको नेतृत्वमा भएको आन्दोलनले पुष्टि गर्छ । मुलुकभर व्याप्त यस्ता घटनालाई गम्भीरपूर्वक लिँदै सर कारले हालै जातीय विभेदविरूद्ध तत्काल सुनुवाइ गर्न 'फास्ट ट्र्याक डेस्क' सञ्चालन गर्ने महत्त्वपूर्ण निर्देशन दिएको छ ।

सम्बन्धित मन्त्रीहरु र विज्ञहरुबीचको उच्चस्तरीय छलफलपछि उजुरी दर्ता एवं कारबाही प्रक्रियालाई तीव्रता दिन गृह सचिव राजकुमार श्रेष्ठलाई 'फास्ट ट्र्याक डेस्क' सञ्चालनका लागि निर्देशित गरिएको हो । *कान्तिपुरमा प्रकाशित लेख हामीले साभार गरेका हौं ।*

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८३ जेठ २१ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रदेशको नीति तथा कार्यक्रम समृद्धिको सपना

○गणेश दुलाल/मकवानपुर

मकवानपुर । बागमती प्रदेश सरकारले नीति तथा कार्यक्रममा आनो प्राथमिकता परि वर्तन गरेको छ । विगतका आर्थिक वर्षको नीति तथा कार्यक्रममा सरकारले नयाँ योजनासहितका कार्य विवरण घोषणा गरेकोमा यसपटक कार्यान्वयन पाटोलाई प्राथमिकताका साथ अघि बढाएको छ ।

गत वर्षमा सरकारले प्रदेशको विकास र सुशासनका लागि आना प्राथमिकता भन्दै नयाँ नीति र कार्यक्रम अघि सारेको थियो, तर आगामी वर्षको नीति तथा कार्यक्रममा भने तिनको कार्यान्वयनलाई महत्त्वका साथ अघि बढाइएको छ ।

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा नयाँ योजनाभन्दा पनि अधुरा योजना पूरा गर्ने लक्ष्य राखेको छ ।

मंगलबार बसेको प्रदेशसभा बैठकमा प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमसँग तुलनात्मक गर्दा सरकार पूर्वाधार निर्माण र पुनर्निर्माणबाट अघि बढेर डिजिटल सुशासन, प्रशासनिक सुधार र विशिष्टीकृत उत्पादनतर्फ केन्द्रित भएको देखिन्छ ।

सरकारले आर्थिक वर्ष २०८२/०८३ मा सरकारले मुख्यतया 'प्रदेश आयोजना बैंक' को स्थापना र आयोजना छनोट प्रणालीलाई व्यवस्थित बनाउन जोड दिएको थियो भने आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा कार्यान्वयनको पाटोमा जोड दिएको छ ।

सरकारले आगामी आर्थिक वर्ष खर्च कटौतीका लागि हाल कायम रहेका मन्त्रालयलाई गाभेर ८ वटा मन्त्रालयमा झार्ने र अनावश्यक संरचना खारेज गर्ने लक्ष्य अघि बढाएको छ । निर्णय प्रक्रियामा कृत्रिम बुद्धिमत्ताको प्रयोग र डिजिटल ट्रान्सफर्मेशनलाई सरकारले जोड दिएको छ ।

२०८२/०८३ को नीति तथा कार्यक्रममा एक वडा एक कृषि उत्पादन र किसानको हात, सरकारको साथ जस्ता कार्यक्रममार्फत कृषिमा आत्मनिर्भरता खोजेको थियो । उक्त विषयमा सरकारले खासै प्रगति हासिल गरेको देखिँदैन । २०८३/०८४ का लागि सरकारले तयार पारेको नीति तथा कार्यक्रममा प्रदेशको शान, परिश्रमी किसान अभियान घोषणा गरिएको छ । सरकारले व्यावसायिक गाँजा खेतीलाई व्यवस्थित गर्न कानुनी प्रबन्ध मिलाउने घोषणासमेत गरेको छ ।

अघिल्लो वर्ष (२०८२/०८३) बाढी र पहिरोबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र पुनर्स्थापनामा सरकार केन्द्रित थियो । जसमा 'सडक र पुल: विकासको मूलझ्क भन्ने नारामा जोड दिइएको थियो । २०८३/०८४ को नीति तथा कार्यक्रममा 'पहिले मर्मत, त्यसपछि निर्माण' को नीति लिँदै नयाँ ट्रयाक खोल्ने कार्यलाई सरकारले निरुत्साहित गरेको छ ।

विद्युतीय सवारी साधनलाई प्रोत्साहन र यातायात सेवालाई क्युआर कोडसहितको डिजिटल प्रणालीमा लैजाने लक्ष्य सरकारले अघि बढाएको छ ।

स्वास्थ्य क्षेत्र अन्तर्गत २०८२/०८३ को नीति तथा कार्यक्रममा 'मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम' र क्यान्सर उपचारमा सहुलियतलाई प्रदेश सरकारले निरन्तरता दिएको थियो । २०८३/०८४ को नीति तथा कार्यक्रममा 'आरोग्य केन्द्र' स्थापना र स्वास्थ्य पर्यटनको अवधारणा प्रदेश सरकारले अघि बढाएको छ ।

सामाजिक क्षेत्रतर्फ यस पटक सीमान्तकृत चेपाङ, बोटे, माझी र थामी समुदायका लागि एकीकृत आवास र 'गरिबले गरी खाने प्रदेश' को अवधारणा सरकारले अघि सारेको छ ।

सरकारले २०८२/०८३ मा 'शिव सर्किट' र सिन्धुली- मकवानपुर-चितवनलाई औद्योगिक कोरिडोरको रूपमा विकास गर्ने लक्ष्य अघि सारेको थियो ।

उक्त कार्यक्रमको कार्यान्वयन पाटो अत्यन्त फितलो रहेको मूल्याङ्कन सहित सरकारले अधुरा आयोजनालाई निष्कर्षमा पुऱ्याउने गरी कार्यक्रम तयार गर्ने नीति अवलम्बन गरेको छ । २०८३/०८४ मा 'घुमौँ बागमती, बुझौँ संस्कृति' अभियानमार्फत दोलखाको डाङडुङे डाँडालाई 'फिल्म सिटी' को रूपमा विकास गर्ने र पर्यटनमा डिजिटल अभियान चलाउने घोषणा प्रदेश सरकारले गरेको छ ।

के के छन् सरकारका नयाँ कार्यक्रम ?

औषधि र औद्योगिक प्रयोजनका लागि गाँजा खेतीको कानुनी मार्ग प्रशस्त गर्ने सरकारको योजना छ भने खर्च घटाउन मन्त्रालय र कार्यालय तथा प्रशासनिक कर्मचारीको संख्या घटाउने तयारी छ ।

जनताका गुनासो सुन्न 'हेलो सीएम डेस्क' को प्रभावकारी सञ्चालन गर्ने, युवाहरूका लागि परियोजना धितोमा राखेर ऋण दिने व्यवस्था अनुरुप स्टार्टअप इकोसिस्टम कार्यक्रम सञ्चालन गर्ने भएको छ । निर्णय प्रक्रिया र अनुगमन प्रणालीमा कृत्रिम बौद्धिकताको प्रयोग गर्ने नीति पहिलो पटक समावेश गरिएको छ । प्रदेश राजधानी हेटौंडालाई 'बृहत्तर हेटौंडा' बनाउने र साइकल लेन सहितको पैदलयात्रीमैत्री सडक बनाउने विषय सरकारको नीति तथा कार्यक्रममा समेटिएको छ ।

विपन्न वर्गका लागि लक्षित गरी स्वरोजगार र उत्पादनमा आधारित 'गरिबले गरी खाने प्रदेश' कार्यक्रम, कृषि उद्यमशीलताका लागि ब्याज अनुदान र प्रोत्साहन गर्न 'प्रदेशको शान, परिश्रमी किसान' कार्यक्रम, प्रदेशका ओझेलमा परेका पर्यटकीय स्थलहरूको प्रवर्द्धन गर्न 'घुमौँ बागमती, बुझौँ संस्कृति' प्रदेशका मुख्य सहरहरूमा मोबाइल भ्यानमार्फत खाद्य गुणस्तर परीक्षण गर्ने सरकारको योजना छ । यस्तै, ७ हजार मिटरभन्दा कम उचाइका अपरिचित हिमालहरूलाई आरोहणका लागि खुला र प्रवर्द्धन गर्ने, राइड सेयरिङ (पठाओ, इनड्राइभर आदि) लाई कानुन बनाएर राजस्वको दायरामा ल्याउने, वातावरण संरक्षणका लागि "हरित वित्त' नीति अवलम्बन गर्ने कार्यक्रम पनि समेटिएको छ ।

प्रदेश निजामती सेवाको गठन, संगठन तथा व्यवस्थापन गर्ने र प्रदेशको राजस्व अधिकार (करका दरहरूमा एकरुपता) लाई एकल अधिकारको रूपमा प्रयोग गर्ने, प्रदेश प्रहरीको समायोजन कार्यलाई संघीय सरकार सँग समन्वय गरी छिटो टुङ्ग्याउने र प्रदेशको शान्ति सुरक्षालाई एकल अधिकारको रूपमा प्रभावकारी बनाउने सरकारको नीति तथा कार्यक्रममा छ । एकल अधिकार कार्यान्वयन गर्दा संघ र स्थानीय तहको साझा अधिकारसँग नबाझिने गरी समन्वय र सहकार्य गर्ने रणनीति लिइएको छ ।



सरकारले नयाँ कार्यक्रमलाई प्राथमिकता दिदै गर्दा पुराना महत्वपूर्ण तथा निरन्तरता दिनुपर्ने कार्यक्रमहरु समेत ओझेलमा परेका हुन् ।

के के छुट्यो ?

सरकारले २०८२/०८३ को नीति तथा कार्यक्रममा गत वर्षको बाढी र पहिरोबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणलाई मुख्य प्राथमिकता दिइएको थियो भने २०८३/०८४ मा 'नियमित मर्मत सम्भार' मा परिणत गर्दै सडक पूर्वाधार र विपद् व्यवस्थापनमा अग्रसर हुने देखिएको छ ।

'कृषि उपज बजार केन्द्र' स्थापनाका लागि १६ स्थानीय तहमा पाइलटिङ गर्ने कार्यक्रम सरकारले त्यागेको छ ।

'बागमती प्रदेश शिव सर्किट' को विस्तृत अध्ययन गरी निर्माण सुरु गर्ने योजना थियो, तर आगामी वर्षको नीति तथा कार्यक्रममा उक्त विषय समेटिएको छैन ।

यसअघिको नीति तथा कार्यक्रममा समावेश भएको बहुवर्षीय योजनाहरूको मापदण्ड निर्धारण गरी आर्थिक वर्षको पहिलो चौमासिकभित्रै स्रोत सुनिश्चितता प्रदान गर्ने विषय सरकारले अघि बढाएको छैन ।

सरकारले 'बायो-इन्जिनियरिङ' प्रविधिको प्रयोग गरी जलाधार क्षेत्र संरक्षण गर्ने, 'एक जिल्ला एक विशेष कृषि उत्पादन पकेट क्षेत्र कार्यक्रम, पशुजन्य वस्तुको अन्तर्राष्ट्रिय बजार मा पहुँच विस्तार गर्ने नीतिमा समेटिएको छैन ।

'जडीबुटी प्रजातिहरूको वितरण र प्रचुरताको आधारमा विस्तृत नक्साङ्कन तयार गर्ने, पर्यटन प्रवर्द्धनका लागि 'मिट द पिपल' कार्यक्रमहरू आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गरिएको छैन ।

सरकारले नयाँ कार्यक्रमलाई प्राथमिकता दिदै गर्दा पुराना महत्वपूर्ण तथा निरन्तरता दिनुपर्ने कार्यक्रमहरु समेत ओझेलमा परेका हुन् ।

असरल्ल हेटौंडा . . .

र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासले मुद्दालाई पूर्ण सुनुवाइका लागि पेस गर्ने अग्राधिकार प्रदान गरेको छ । उक्त मुद्दालाई प्राथमिकतामा राखेर अन्तिम फैसलाको प्रक्रियामा लगिनेछ । तर पछिल्लो पटक २०८३ फागुन १० र फागुन २७ मा पूर्ण इजलासको पेसी तोकिए पनि मुद्दा हेर्न नम्याइने सूचीमा परेपछि अनिर्णयको समय हालसम्म पनि लम्बिदै गइरहेको छ ।

तत्कालीन मन्त्रीको हेटौंडा भ्रमणका क्रममा जनप्रतिनिधिहरुले दिएको कडा दबाब र मागपछि प्रशासनले एक्सन लिने तयारी गरेको प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी बताउनुहुन्छ । “मङ्सिर ५ गते सूचना निकालेर भत्काउने तयारी गर्दा मङ्सिर २१ मा अदालतको रुटे अर्डर कार्यालयमा तामेली भएपछि भने काम अघि बढ्न सकेन” अधिकारीले भन्नुभयो “वीरगञ्जजस्तो कठिन ठाउँमा सफल भएको अभियान हेटौंडामा पनि सफल हुनुपर्ने हो ।” हेटौंडा बजार क्षेत्रको सडक विस्तारको विषय लामो समयदेखि अन्योलमा रहे पनि अब उक्त कार्य ढिलो चाँडो निष्कर्षमा पुग्नुको विकल्प नभएको प्रजिअ अधिकारी बताउनु हुन्छ ।

सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख (सीडीई) किरण कार्कीले कानुनी जटिलताका कारण सडक विस्तार र व्यवस्थापनमा केही ढिलाइ भएको बताउनु भयो । सर्वोच्च अदालतले सडक विस्तार सँग सम्बन्धित ३४३ वटा मुद्दा खारेज गरिसकेको भए पनि अहिले पुन: केही नयाँ मुद्दामा अन्तरिम आदेश आएकाले काम रोक्नु परेको हो ।

“न्यायालयको सम्मान गर्दै हामी अहिले कानुनी प्रक्रियामै छौं” उहाँले भन्नुभयो । सरकारी वकिलमार्फत अदालतमा जवाफ पठाउने र पेसीहरु पछ्याउने काम भइरहेको छ,’ उहाँले बताउनु भयो । सडक किनारमा रहेका घरढहरा भत्काइएपछि निस्किएका भग्नावशेष र स्क्याप हरु व्यवस्थापनमा पनि कार्यालयले ध्यान दिएको छैन ।

कतिपय व्यापारी तथा घरधनीहरूले आफ्ना सामान आफैं सुरक्षित रुपमा निकालेर व्यवस्थापन गरेको भएपनि विस्तारै भग्नावशेष स्थान मै फर्केर व्यापार गर्नेहरूको सङ्ख्या बढेको छ । जसले गर्दा ट्राफिक व्यवस्थापनमा मात्रै हैन विक्रेता र क्रेताको सुरक्षामा समेत प्रश्न उठेको छ ।

चार दशकदेखि भत्काइने हल्ला बेकेर रोकिदै आएको विस्तारको काम मङ्सिर २० मा अगाडि बढाएर त्रिभुवन राजपथ र महेन्द्र राजमार्गको सडक सीमा खाली गर्ने काम अघि बढाएर घरका ढप तथा सटर भत्काइएको हो । पहिलो चरणमा हेटौंडा १५ रातोमाटेदेखि हेटौंडा बुद्ध चोक हुँदै राप्ती पुलसम्म र बुद्ध चोकदेखि चौकीटोल ओरालोसम्मको सडक सीमा खाली गरिएको थियो ।

लामो समयदेखि अल्झिएको हेटौंडा बजार क्षेत्रको सडक विस्तारका लागि सर्वोच्चले २०७८ सालमा नै आदेश जारी गरेको थियो । सडक डिभिजन कार्यालय हेटौंडाले २०७३ सालमा सूचना जारी गर्दै सडक सीमा खाली गर्न डोजरसमेत चलाएको थियो ।

उक्त कार्यविरूद्ध हेटौंडाका स्थानीयहरुले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । उक्त मुद्दाका कारण सडक विस्तार कार्य रोकिएको थियो ।सडक डिभिजन कार्यालय हेटौंडाका सूचना अधिकारी यादव सुवेदीका अनुसार सडक विस्तारको प्रयास एक्कासि आएको होइन, २०८० असार १० गते पुन: सडक सीमा खाली गर्न सूचना जारी भएको थियो । सो सूचनाविरूद्ध १४ जनाले उत्प्रेषण लगायतको आदेश माग गरेर मुद्दा दायर गरेपछि फेरी विषय ओझेलमा प¥यो ।

वि.स २०७३ असार २० गते, २०७६ मङ्सिर, २०८० असार १० र २०८३ मङ्सिर ५ गते गरी सडक सीमा खाली गर्न सूचना जारी गरिएको थियो । त्यसअघि पनि केही सूचना जारी भएको उनले बताए । उनका अनुसार सडक विस्तार रोक्न अदालतमा मुद्दा हाल्ने शृङ्खला चलेको थियो । तर, सर्वोच्च अदालतले २०८० सालमा सोसम्बन्धी निवेदकहरुको रिट खारेज गर्दै सडक सीमामित्रको जग्गा र संरचना सार्वजनिक सम्पत्ति भएको ठहर गरेको उनले बताए ।

‘विगतमा ३४३ वटा मुद्दाहरु परेका थिए, जसले गर्दा काम अघि बढ्न सकेन । तर, २०७८ र २०८० पुस १७ गतेको सर्वोच्च अदालतको फैसलाले सडक सीमासम्बन्धी सबै कानुनी अन्योल खारेज गर्दै यसियन हाइवेको मापदण्ड अनुसार काम गर्न बाटो खोलिदिएको थियो ।

सोही अनुसार सडक विस्तार कार्य अघि बढाएको सडक डिभिजन कार्यालय हेटौंडामा पुन: सर्वोच्च अदालतको माघ १९ को आदेश दर्ता भएपछि बजार क्षेत्रको २५/२५ गज (७५ मिटर) सडक विस्तार कार्य रोकिएको हो ।

हेटौंडामा यसअघि २०७३ साल पुस १४ गते बजार क्षेत्रमा पहिलोपटक सडक विस्तारका लागि डोजर चलेको थियो । तत्कालीन क्षेत्रीय प्रशासक विनोद केसीको अगुवाइमा हेटौंडा बजार क्षेत्रमा डोजर चलेको थियो । यद्यपि उनको केही दिनमै सरूवा भएको थियो । त्यसपछि काम अगाडि बढ्न सकेको थिएन । त्यतिबेला मनहरीदेखि राप्तीरोडसम्मका अवैध संरचनाहरू हटाइएको थियो । हेटौंडा क्षेत्र प्रवेश गरेपछि घरधनी र व्यवसायीहरु आन्दोलनमा उत्रेसँगै अदालतकै कारण काम रोकियो ।

२०८० असार १० मा पुन: सूचना प्रकाशित गरिएको तर १४ जना सरोकारवालाबाट उत्प्रेषणसमेतको आदेश माग भएकाले काम रोक्नु परेको थियो । सडक डिभिजनले २०७३, २०७६, २०८० र २०८३ मा गगरी अवैध संरचना हटाउन आग्रह गरेको थियो ।

● समयमा कर तिरौं,
● वातावरणीय सरसफाइमा ध्यान दिऔं,
● पानी खेर नफालौ, ● हरियाली प्रवर्द्धन गरौं,
● सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
● बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीरवबर

प्रदेश सांसदलाई ४ अर्बबढी बजेट बाँडिदै

मकवानपुर । बागमती प्रदेश सरकारले १०४ जना प्रदेश सांसदलाई ४ अर्ब भन्दा बढी बजेट बाँड्ने तयारी गरेको छ । सरकारको नेतृत्व अनुकूल ल्याइएको बजेट पास गराउन विगतका सरकारले अबलम्बन गर्दै आएको ‘सांसद फकाउने’ सूत्र बागमतीको वर्तमान सरकार नेतृत्वले पनि प्रयोग गरेको छ । नेपाली कांग्रेसका इन्द्रबहादुर बानियाँले नेतृत्व गरेको बागमती सरकारमा नेकपा एमाले सत्ता साझेदार दल छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको तयारीमा जुटेको सरकारले प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ राजनीतिक दलका हाल प्रदेशसभामा कायम १०४ जना प्रदेशसभा सदस्यलाई ५ र ३ करोडका दरले बजेट बाँड्न लागेको सरकारका एक मन्त्रीले जानकारी दिए । जसअनुसार सरकारले प्रत्यक्ष तर्फका ६० सांसदलाई ५ करोडका दरले ३ अर्ब र समानुपातिक सांसदलाई ३ करोडका दरले १ अर्ब ३२ करोड रूपैयाँको बजेट बाँड्ने तयारी छ ।

प्रत्यक्षबाट निर्वाचित ६६ मध्ये ६० जना सांसद र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित ४४ जना सांसदलाई ३ करोडका दरले बजेट बाँडिने एक सांसदहरूले जानकारी दिए । ‘हामीलाई ५ करोड बराबरका योजना दिने कुरा भएअनुसार योजनाहरू पठाएका छौं । कतिपय सांसदले पठाउँदै हुनुहुन्छ,’ प्रत्यक्ष निर्वाचित एक सांसदले भने । प्रदेशसभामा ११० जना सांसद रहेकोमा गत प्रतिनिधिसभा निर्वाचनमा भाग लिन ६ जना सांसदले राजीनामा दिएका थिए । एमालेका प्रकाश श्रेष्ठ र अमनकुमार मास्के, कांग्रेसका कुन्दनराज काफ्ले, नेकपाका युवराज दुलाल, बसन्त मानन्धर र राप्रपाका सुनिल केसीले राजीनामा दिएका थिए । यी सबै प्रत्यक्ष निर्वाचित सांसद हुन् ।

बागमती प्रदेशसभामा कांग्रेसका ३६ र एमालेका ३५ गरी सत्तापक्षका ६१ सांसद छन् । प्रतिपक्षतर्फ नेकपाको २६, राप्रपाका १२, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को ३ र हाम्रो नेपाली पार्टीका ३ सांसद रहेका छन् ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रदेशसभा सदस्यहरूले सिफारिस गर्ने योजनालाई पनि आयोजना बैंकमा प्रविष्ट गरेको छ । विगतमा सांसदका योजना सोझै बजेट सिलिङमार्फत समावेश हुने गरेकोमा यसपाली सरकारले प्रक्रियागत ढंग पुर्याउँदै आयोजना बैंकबाट कार्यान्वयन गर्ने भएको छ । जसले गर्दा योजनाहरू जिल्लाबाट आउने विधि पालना हुने देखिएको विषयलाई सांसदहरूले सकारात्मक बुझाइ राखेका छन् ।

नागरिकस्तरबाट प्राप्त भएका प्रस्ताव तथा सांसदहरूले सिफारिस गरेका योजनाहरूलाई सम्बन्धित मन्त्रालय मातहतका कार्यान्वयन इकाइहरूलगायतले आयोजना बैंकमा प्रविष्ट (इन्ट्री) गर्नेछन् । आयोजना बैंकमा समावेश भएका योजनामध्येबाट सांसदहरूले आफ्नो हिस्सामा परेको बजेट सीमाभित्र योजना छनोट गर्न पाउने व्यवस्था सरकारले मिलाएको हो ।‘प्रदेशसभा सदस्यज्युहरूको सिफारिसमा जिल्लास्थित कार्यान्वयन इकाइबाट आयोजना बैंकमा योजनाहरू हालिएको छ । केही सांसदले लेटरप्याडमा पनि योजनाहरू सिफारिस गर्नु भएको छ । ५ र ३ करोड भित्रबाटै ती योजनाहरू कार्यान्वयन हुने जानकारी सरकारबाट आएको छ,’ एक सांसदले भने । आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालनको जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय र निकायहरू तथा प्रदेश नीति तथा योजना आयोगसँग छ । सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले सांसदहरूलाई बजेट तोकेर योजना नबाँडिएको बताउँदै योजना छनोट गर्न भने दिइएको बताए । ‘आफ्नो निर्वाचन क्षेत्रमा कुन योजना हाल्ने भनेर छनोट गर्नलाई अप्सन दिइएको छ । आयोजना बैंकबाट आएकोमा कुन बजेट हाल्दा हुन्छ भनेर बजेटलाई सन्तुलित बनाउन छनोट गर्न दिइएको हो,’ तामाङले भने ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभा सदस्यहरूलाई समयमै आयोजना प्रस्ताव पेस गर्न २१ वैशाख २०८३ को समय सीमा दिएर आह्वानसमेत गरेको थियो । ‘बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनोट सम्बन्धी निर्देशिका, २०८३’ कार्यान्वयनको क्रममा सांसदहरूलाई सम्बन्धित कार्यान्वयन इकाइ कार्यालयमा आयोजना विवरण बुझाउन पत्राचार भएको हो । सांसदहरूले समय अपुग भएको गुनासो गरेपछि थप समय पनि प्रदान गरिएको छ ।

निबन्ध प्रतियोगिताबारे सूचना

आँचल साहित्य कला पुञ्जको आयोजनामा तथा हेटौंडा उपमहानगरपालिका वडा नं. १० कार्यालयको प्रवर्द्धनमा हुने जिल्ला स्तरीय माध्यमिक तह (कक्षा ९-१२) को स्थलगत निबन्ध लेखन प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीहरूले यही जेठ ३० गतेसम्म नाम दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारी:

- ☞ निबन्ध लेखन प्रतियोगिता मिति २०८३-०२-३१ गते आइतबार दिउँसो १:०० बजे, ज्ञानदा मावि हेटौडा १० मा हुनेछ ।
- ☞ निबन्धको विषयवस्तु पारिजातको व्यक्तित्व र कृतित्वसँग केन्द्रित हुनेछ ।
- ☞ निबन्ध लेखनको समय १ घण्टा रहनेछ, प्रति विद्यालयबाट बढीमा २ जना (एक छात्रा अनिवार्य) सहभागी पठाउन सकिनेछ ।
- ☞ प्रतियोगितामा सर्वोत्कृष्ट हुनेलाई २०८३ असार ६ गते हेटौंडामा हुने पारिजात विशेष साहित्यिक कार्यक्रमको दिन प्रमाणपत्र सहित निम्नानुसार नगद (कर सहित) पुरस्कारको व्यवस्था गरिनेछ :

क्र.सं.	पुरस्कार	नगद राशि
१.	प्रथम	१०,०००/-
२.	द्वितीय	८,०००/-
३.	तृतीय	६,०००/-
४.	सान्त्वना	४,०००/-

सम्पर्क नं.
९८४५१२६९१८
९८४५१६४५४२
९८४५१०५१७७
९८४५४५९६३६

आँचल साहित्य कला पुञ्ज हेटौडा

मुक्तक प्रतियोगितामा सिद्धार्थकी गुरागाईं प्रथम



○सहीखबर संवाददाता

मकवानपुर । माध्यमिक तहस्तरीय मुक्तक प्रतियोगितामा स्वरूपा गुरागाईं प्रथम भएकी छिन् । मुक्तक मञ्च मकवानपुरले मंगलबार आयोजना गरेको मुक्तक प्रतियोगितामा हेटौंडा ३ स्थित सिद्धार्थ माध्यमिक विद्यालयकी स्वरूपा गुरागाईं प्रथम भएकी हुन ।

हेटौंडा उपमहानगरपालिकाको प्रवर्धनमा भएको प्रतियोगितामा हेटौंडा ५ स्थित जीएस निकेतनकी नित्यश्री अधिकारी द्वितीय र हेटौंडा १ स्थित अमर माध्यमिक विद्यालयकी रोशिका भट्टराई तृतीय भएका छन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश: ४ हजार, ३ हजार र २ हजार रूपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

यस्तै प्रतियोगितामा हेटौंडा १० स्थित तुलसीमेहर मेमोरियल स्कूलकी अनसुया खनाल र अमर माध्यमिक विद्यालयकी समृद्धि बर्तौलाले सान्त्वना स्थान हासिल गरेका छन् । सान्त्वना हुने दुबै जनाले १/१ हजार रूपैयाँ प्रोत्साहन पुरस्कार र प्रमाणपत्र प्राप्त गरे ।

प्रतियोगितामा सहभागी विद्यार्थीहरुले 'असल समाजनिर्माणमा विद्यार्थीको दायित्व एवम् जिम्मेवारी' विषयलाई आधार मानी लेखेका मुक्तक वाचन गरेका थिए ।

मुक्तक मञ्चको ३४ औं मुक्तक वाचन श्रृङ्खलाअन्तर्गत माध्यमिक तहस्तरीय मुक्तक प्रतियोगिता आयोजना गरिएको मञ्च मकवानपुर अध्यक्ष सागर तिमल्सिनाले बताए ।

मुक्तक मञ्च अध्यक्ष तिमल्सिनाको सभाध्यक्षता तथा हेटौंडा १ का वडाध्यक्ष सबिन न्यौपानेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो।

श्रीमती बलात्कार मुद्दामा न्यायाधीश भुवन गिरीलाई सफाई



काठमाडौं । वैवाहिक बलात्कारको आरोप लागेका न्यायाधीश भुवन गिरीलाई सर्वोच्च अदालतले पनि सफाइ दिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्मा र बालकृष्ण ढकालको संयुक्त इजलासले मंगलबार उच्च अदालत पाटनको फैसला सदर गर्दै गिरीलाई आरोपबाट मुक्त गरेको हो ।

यसअघि काठमाडौं जिल्ला अदालतले २०८१ जेठमा गिरीलाई वैवाहिक बलात्कार मुद्दामा दोषी ठहर गर्दै सात वर्ष कैद र तीन लाख रूपैयाँ जरिवानाको सजाय सुनाएको थियो । जिल्ला अदालतको फैसलाविरूद्ध उच्च अदालत पाटनमा पुनरावेदन दिएका गिरीले त्यहाँबाट सफाइ पाएका थिए ।

गिरीविरूद्ध उनकी पूर्वपत्नी आरती रावलद्वारा बलात्कारको आरोप लगाइएको थियो । उक्त मुद्दामा उच्च अदालत पाटनका न्यायाधीश लालबहादुर कुँवर र डिल्लिरत्न श्रेष्ठ को संयुक्त इजलासले २०८१ चैत ३१ गते काठमाडौं जिल्ला अदालतको फैसला उल्टाउँदै गिरीलाई सफाइ दिएको थियो ।

पूर्वपत्नीको जाहेरीका आधारमा प्रहरीले गिरीलाई कपिलवस्तुबाट पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो । जिल्ला अदालतबाट दोषी ठहर भएपछि न्यायाधीश पदबाट निलम्बनमा परेका थिए । तर, उच्च अदालतबाट सफाइ पाएपछि उनी पुन: न्यायाधीशको जिम्मेवारीमा फर्किएका थिए ।

यसैबीच, मंगलबार सर्वोच्च अदालतमा मुद्दाको अन्तिम सुनुवाइ भइरहेका बेला आरती रावल गिरी विरोधस्वरुप पेटिकोट मात्र लगाएर सर्वोच्च अदालत परिसर पुगेको र प्रहरीले उहाँलाई नियन्त्रणमा लिएको जनाएको छ ।

सर्वोच्च अदालतको पछिल्लो फैसलासँगै भुवन गिरीविरूद्ध दायर वैवाहिक बलात्कार मुद्दाको कानुनी प्रक्रिया ठुंगिएको छ ।

बागमती कप टी-२० :

काठमाडौं विरूद्ध भक्तपुर १ विकेटले विजयी



○सहीखबर संवाददाता

मकवानपुर ।हेटौंडा ६ स्थित गौरिदार अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा जारी बागमती कप टी २० क्रिकेट प्रतियोगिताअन्तर्गत सातौं खेलमा भक्तपुरले काठमाडौंलाई १ विकेटले पराजित गरेको छ। अन्तिम बलसम्म पुगेको प्रतिस्पर्धामा भक्तपुरले १३४ रनको लक्ष्य पूरा गर्दै जित निकालेको हो।

पहिले ब्याटिङ गरेको काठमाडौंले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १३३ रनको योगफल खडा गरेको थियो । काठमाडौंका लागि ऋत गौतमले उत्कृष्ट अर्धशतकीय पारी खेल्दै ४० बलमा ६४ रन बनाए ।

यस्तै नितेश कुमारले ३१ बलमा ३३ रन बनाए भने धिराज देउवाले ११ बलमा ८ रन र उत्तम थापा मगरले १४ बलमा ७ रन जोडे । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन नसक्दा काठमाडौं ठुलो स्कोरतर्फ जान सकेन ।

भक्तपुरका बलरहरुले सुरूदेखि नै अनुशासित बलिङ गर्दै काठमाडौंको ब्याटिङ लाइनअपलाई दबाबमा राखेका थिए । भुपेन्द्र आचार्यले ३ ओभर मा ३३ रन खर्चेर ३ विकेट लिएर उत्कृष्ट प्रदर्शन गरे । सुभाष खत्रीले ३ विकेट हात पार्दा सक्रियप्रताप कार्कीले ४ ओभरमा ३८ रन खर्चेर ३ विकेट लिए । अविनाश बस्यालले आफ्नो चार ओभरको स्पेलमा कुनै विकेट नलिए पनि मात्र १४ रन खर्चेर निकै किफायती बलिङ गरे।

१३४ रनको लक्ष्य पछ्याएको भक्तपुरले पनि सहज सुरूआत गर्न सकेन। नियमित अन्तरालमा विकेट गुमाउँदा खेल अन्तिम ओभर सम्म रोमाञ्चक बनेको थियो । तर कठिन परिस्थितिमा पनि मध्यक्रमका ब्याटरहरुले जिम्मेवारीपूर्ण प्रदर्शन गर्दै टोलीलाई जितको नजिक पुर्‍याए।

भक्तपुरका लागि रिङजिन लामाले ३८ बलमा ३७ रनको महत्त्वपूर्ण पारी खेले। सक्रियप्रताप कार्कीले १५ बलमा ३५ रनको आक्रामक योगदान दिए भने अविनाश बस्यालले ३३ बलमा १७ रन जोडे ।

खेलको अन्तिम चरणमा भुपेन्द्र आचार्यले दबाबकाबिच उत्कृष्ट ब्याटिङ गर्दै ८ बलमा अविजित १० रन बनाएपछि भक्तपुरले निर्धारित २० ओभर को अन्तिम बलमा ९ विकेट गुमाएर १३६ रन बनाउँदै रोमाञ्चक जित आफ्नो पक्षमा पार्न सफल भयो।

काठमाडौंका बलरमध्ये सन्दीप पराजुली सर्वाधिक सफल रहे । उनले ४ ओभरमा १६ र न खर्चेर ५ विकेट लिँदै भक्तपुरको ब्याटिङलाई धराशायी बनाउने प्रयास गरेका थिए । नितेश कुमारले १ विकेट लिए भने दयानन्द मण्डल र सोनु देवकोटाले समान एक/एक विकेट हात पारे।

सन्दीप पराजुलीको उत्कृष्ट पाँच विकेटको प्रदर्शन पनि काठमाडौंलाई जित दिलाउन पर्याप्त बन्न सकेन । अन्तिम क्षणसम्म उतारचढावपूर्ण बनेको खेलमा भक्तपुरले संयम कायम राख्दै १ विकेटको रोमाञ्चक जित निकाल्यो।

यस जितसँगै भक्तपुरले प्रतियोगितामा आफ्नो दाबेदारी थप बलियो बनाएको छ भने काठमाडौंले लगातार दोस्रो हार बेहोरेको छ।

● समयमा कर तिरौं,
● वातावरणीय सरसफाइमा ध्यान दिऔं,
● पानी खेर नफालौ,
● हरियाली प्रवर्द्धन गरौं,
● सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
● बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीखबर

मकवानपुर चद्याङको उच्च जोखिममा

○ सहीखबर संवाददाता

मकवानपुर । चद्याङजन्य प्रकोपको मकवानपुर जिल्ला उच्च जोखिम रहेको पाइएको छ । मकवानपुर मा विपत्जन्य घटनासँगै चद्याङजन्य प्रकोप र त्यसबाट हुने मानवीय एवं भौतिक क्षति बर्सेनि बढ्दै गएको हो ।

सन् २०१६ जुलाईदेखि २०२६को मे १३ गतेसम्ममा यस जिल्लामा २९६ मनसुनजन्य विपत्का घटनामा ८२ जनाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय मकवानपुरको तथ्याङ्क छ।

मनसुनजन्य विपत्का घटनामा ८२ जनाको मृत्यु भएकामध्ये चद्याङबाट मात्र ३६ जना रहेको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको विपत् व्यवस्थापन शाखाका नासु दीपकप्रसाद पौडेलले सो अवधिमा चद्याङबाट मृत्युभएका मध्ये सबैभन्दा बढी मकवानपुरगढी गाउँपालिकामा १३ जना रहेको पालिका क्षेत्रमा ३ जना, बागमती गाउँपालिकामा २ जना र कैलाश गाउँपालिकामा १ जनाको सो अवधिमा चद्याङले मृत्युभएको जिल्ला प्रशासन कार्यालयको अभिलेखमा छ ।



यस्तै जिल्लाका १० स्थानीय तहमध्ये बकैया गाउँपालिका र मनहरी गाउँपालिकामा ६/६ जना, राक्सिराङ गाउँपालिकामा ५ जना, हेटौंडा उपमहानगर

यसैगरी मनसुनजन्य विपत्का घटना बाढीपहिरोबाट यो अवधिमा मकवानपुरगढी गाउँपालिकामा नै सबैभन्दा बढीको ज्यान गएको छ । पहिरोमा परेर १५ र बाढीबाट १२ जनाको मृत्युभएको थियो ।

चद्याङको प्रकोप बर्सेनि बढ्दै गएपछि मकवानपुरको राक्सिराङ गाउँपालिकामा चद्याङको पूर्वसूचना दिने प्रणाली जडान गरिएको छ । गत वर्ष बैशाखमा पूर्वसूचना दिने प्रणाली पालिकाको विभिन्न स्थानमा जडान गरिएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताउनुभयो ।

उहाँले चद्याङको पूर्वसूचना दिने प्रणाली जडानसँगै स्थानीयमा सचेतता र सतर्कताका कारण चद्याङबाट हुने मानवीय क्षति न्युनीकरणमा सहयोग पुगेको बताउनुभयो । “सामान्य बादल लाग्दासमेच साइनर बज्न थाल्ने भएकोले ध्वनि प्रदूषणको समस्या देखिएको औल्याउँदै,” उहाँले भन्नुभयो, “चद्याङको पूर्वसूचना दिने प्रणाली जडानसँगै अर्थिङ जडानलाई हामीले प्राथमिकतामा राखेका छौं ।”

पालिकाले ५० प्रतिशत अनुदानमा वडा नम्बर १ का ३२ घरमा अर्थिङ जडान गरिएको छ । गाउँपालिकाले चद्याङजन्य प्रकोपबाट हुने जोखिम र मानवीय क्षति न्युनीकरणका लागि प्रभावकारी माध्यम अर्थिङ जडान भएको निष्कर्ष सहित अर्थिङ जडानमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिने गाउँपालिका अध्यक्ष मल्लले बताउनुभयो ।

पिपुल इन निडको आर्थिक सहयोग र साउथ एसियन लाइटनिङ नेटवर्कको प्राविधिक सहयोगमा चद्याङ पूर्व सूचना सेन्सरसहितको यन्त्र राक्सिराङ गाउँपालिकामा स्थापना गरिएको छ ।

राक्सिराङ चद्याङ उच्च जोखिमभएको पालिका भएकोले यो प्रणालीको जडानले चद्याङबाट हुने धनजनको क्षति न्युनीकरणमा सहयोग पुग्ने पालिकाले जनाएको छ । पूर्व सूचना प्रणाली जडान भएपछि बाँदलमा विद्युतीय चार्ज उत्पन्न हुँदै गर्दा उपकरणमा भएको सेन्सरले १६ किमी क्षेत्रमित्रको विद्युतीय चार्ज थाहा पाउँछ । प्रकरणले साइरन प्रणालीसँग जोडेर पूर्व सूचनाको सन्देश प्रवाह गर्छ ।

यो प्रणालीले चद्याङ आउनुभन्दा करिब १६ मिनेटअघि पूर्वसूचना दिने छ, जसले सर्वसाधारणलाई सुरक्षित स्थानमा जान सन्देश प्रवाह गर्ने प्रविधि रहेको छ । गाउँपालिकाका अध्यक्ष मल्लले विपद्का दृष्टिले र राक्सिराङ उच्च जोखिमयुक्त क्षेत्र भएकाले धनजनको क्षति रोक्न प्रविधिको आवश्यक भएको बताउनुभयो । पालिकामा एउटा मुख्य सेन्सर र विभिन्न स्थानमा ८ वटा साइरन प्रणाली जडान गरिएको गाउँपालिकाको भनाइ छ ।

मिडिया सम्मेलनको तयारी अन्तीम चरणमा

○ सहीखबर संवाददाता

मकवानपुर । नेपाल पत्रकार महासंघ बागमती प्रदेशको पाँचौ साधारण सभा एवम् प्रदेश स्तरीय मिडिया सम्मेलनको तयारी अन्तीम चरणमा पुगेको छ ।

जेठ २२,२३ र २४ गते हेटौंडमा हुन लागेको साधारण सभा र मिडिया सम्मलेनका लागि आवश्यक पर्ने सबै तयारी पुरा भएको प्रदेश समितिका महासचिव राधेश्याम खतिवडाले जानकारी दिनुभयो ।

२२ गते मिडिया सम्मेलनको उद्घाटन बागमती प्रदेश सरकारका मूख्यमन्त्री इन्द्र बहादुर बानियाँले गर्ने तय भएको खतिवडाले जानकारी दिनुभयो ।

३ बिषयमा बिषय केन्द्रित विज्ञवक्ताको सहभागितामा सम्मेलन चल्ने बताउँदै उहाँले सम्मेलनमा बदलिदो पत्रकारिता : संकट, चुनौती र अवसर, गुणस्तरीय पत्रकारिता, आजको आवश्यकता, समाजको आँखामा मिडिया बिषयमा बहस गरिने जानकारी



दिनुभयो ।

त्यसैगरी प्रदेश समितिको पाँचौ साधारण सभा नेपाल पत्रकार महासंघ केन्द्रिय समिति अध्यक्ष निर्मला शर्माबाट उद्घटन गर्ने तयारी रहेको छ । साधारण सभामा सहभागी हुनका लागि १० जिल्लाबाट जिल्ला अध्यक्ष सहित प्रदेश परिषद सदस्यहरूको सहभागिता रहने नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारू मगरले जानकारी दिनुभयो ।

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनबारे अनुरोध

डढेलोबाट वन जोगाऔं अमूल्य वन सम्पदाको संरक्षण गरौं

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं । वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ ।

डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं । वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह सरकारी तथा गैह्रसरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकारलगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन कार्यालय,
मकवानपुर

जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लघंन हो - यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड